जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १०, २०८२ असोज ९ गते विहीबार, 25Sep 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

उपमहानगरको सेवा प्रवाह सुरु



३२ करोड क्षति

○ सहीखबर संवाददाता

मकवानपुर । गत भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा हेटौंडा उपमहानगर पालिकाको भवनदेखि विभिन्न वडा कार्यालयहरू तोडफोड र आगजनी गरियो ।

घटनापछि बन्द रहेको सेवा प्रवाह यो एक सातापछि सुरू भएको छ । कार्यलय सरसफाइ तथा अत्यावश्यक कार्यलय सामग्री खरिदपछि सेवा सुरू गरिएको हो । आन्दोलनको क्रममा उपमहानगरमा कार्यरत कर्मचारीको सवारी साधनदेखि शवबाहनसम्म जलाइयो । उपमहानगरपालिकामा रहेका कागजपत्र मात्रै होइन, सिंगो नगरको दस्तावेज नै खरानीमा परिणत भयो । उपमहानगरपालिका परिसरमा मर्खरै निर्माण गरिएको सभाहल देखि सरसफाइका सवारीहरूसम्म आगजनी भयो।

हेटौंडा उपमहानगरपालिका कार्यालयदेखि वडाहरु समेतमा क्षति पुगेपछि भवन बाहेक ३२ करोड रूपैंया भन्दा बढी क्षति हुन पुगेको तथ्यांक सार्वजनिक गरिएको छ। उपमहानगरको संरचना तथा सवारीहरूमा क्षति भएपछि क्षतिको विवरण संकलनका लागि नगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिनाको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरिएको थियो।

उक्त कार्यदलले तयार गरेको क्षतिको विवरण अनुसार उपमहानगरपालिकाको कार्यालयमा भएका भौतिक सामाग्रीको क्षति देखि सवारीसम्म गरी कुल ३२ करोड ५० लाख ७० हजार बराबर को क्षति भएको हो।

कार्यदलका संयोजक तिमिल्सनाका अनुसार हेटौंडा उपमहानगरपालिका, सेवा केन्द्र तथा वडा कार्यालयहरूमा रहेका प्राविधिक सामान, फर्निचर, कम्युटर लगाएत सामाग्रीमा क्षति हुँदा ९ करोड ३९ लाख ४३ हजार ५ सय रूपैंया क्षति भएको हो। भौतिक पूर्वाधार तर्फ, सवारी साधन तर्फ, फर्निचर र उपकरण तर्फ गरी समग्रमा ३२ करोड ५० लाख ७० हजार बराबरको सामाग्रीहरू क्षति भएको उनले बताए।

छानबिन समितिले सरोकार वालाहरूसँगको छलफल, स्थलगत अवलोकन गरेर क्षतिको विवरण संकलन गरिएको बताइएको छ। तिमल्सिनाका अनुसार हेटौंडाको ११ र १५ नम्बर वडा कार्यालयमा सबैभन्दा बढी क्षति पुगेको छ भने यहाँका सम्पूर्ण कागजातहरू नष्ट भएको छ।

यस्तै, ३ र ४ नम्बर वडा कार्यालयका सामान बाहिर निकालेर आजगनी गरेको कारण भवन जोगिए पनि सम्पूर्ण कागजात र फर्निचर पूर्ण रूपमा नष्ट भएको समितिको प्रतिवेदन छ।

यस्तै, १० नम्बर र १९ नम्बर वडा कार्यालयमा आगजनी गरिए पनि आंशिक रूपमा क्षति पुगेको कारण कार्य सञ्चालन सुरू भैसकेको बताइएको छ। १३ र ६ नम्बर वडामा सामान्य क्षति पुगेको छ भने उपमहानगरपालिकामा रहेका ३ वटा स्वास्थ्य संस्थाहरूमा क्षति पुगेको बताइएको छ।

४ नम्बर वडामा रहेको आधार भूत स्वास्थ्य सेवा केन्द्र मित्रै आगजनी गरेर सामानहरू तोडफोड भएको पाइएको समितिका संयोजक तिमल्सिनाले बताए। उनका अनुसार १० नम्बर वडा र ३ नम्बर वडामा रहेको स्वास्थ्य संस्थामा पनि तोडफोड र आगजनी हुँदा लाखौंको क्षति पुगेको छ।

उपमहानगरपालिकालाई केही समय अघि मात्रै हस्तान्तरण भएको कृषि थोक बजार को प्रशासनिक भवनमा तोडफोड र आगजनी भएको प्रतिवेदनमा उल्लेख छ। उक्त भवनमा बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालय रहेको थियो।

उपमहानगरपालिकाको पूर्वाधार क्षेत्रमा मात्रै १६ करोड ३७ लाख ८८ हजार रूपैंया बराबरको क्षति भएको छानबिन समितिको प्रतिवेदन छ। यसबाहेक ठूलो क्षति सवारी साधनमा भएको समितिले जनाएको छ। उपमहानगरपालिका र वडा कार्यालयहरूमा रहेका २५ वटा स्कुटर/मोटरसाइल र १८ वटा अन्य सवारी साधनहरूमा आगजनी भएको बताइएको छ।

जसमा शव बाहन, सर सफाई सवारी, दयाक्टरदेखि नगर प्रहरीको सवारीसम्ममा आगजनी भएको पाइएको हो। सवारी साधनतर्फ मात्रै ६ करोड ७३ लाख ४० हजार रूपैंया बराबरको क्षति भएको मूल्यांकन गरिएको बताइएको हो। कार्यालयमा रहेका पुराना फाइलदेखि भुक्तानीका लागि राखिएको फाइलहरू समेत जल्दा नागरिकहरूलाई सेवा प्रवाहमै सकस भैरहेको उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपाने बताउँछन्।

प्रदर्शनका क्रममा धेरै क्षति पुगेको केही वडाहरूले अझै पनि सेवा सुचारू गर्न सकेका छैनन् भने नगरपालिकामा भने अत्यावश्यक सेवाहरु आगजनी भएकै भवनबाट सुरू गरेको छ। स्वास्थ्य सेवा, प्रशासनिक सेवा, आर्थिक विकास महाशाखाबाट प्रवाह हुने कृषि, पशुपन्छी, उद्योग तथा सहकारी क्षेत्र लगाएतको अत्यावश्यक सेवा प्रवाह भने आगलागी भएकै भवनबाट सुरू गरिएको उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत गौतमले जानकारी दिए। उनका अनुसार अब भवनको जाँच गरेर बस्न योग्य भए रंगरोगन गरेर सबै सेवा सोही भवनबाट सुरू गरिएको हो ।

त्रिभुवन राजपथमा सवारी चाप उच्च

○ सहीखबर संवाददाता

मकवानपुर । चितवनको मुग्लिन नारायणगढ सडकखण्ड अन्तर गत तुइनखोलामा बारम्बार पहिरो खस्दा सडक अवरूद्ध भएपछि चाडपर्वको समयमा आवतजातमा समस्या भएको छ ।

उक्त राजमार्गको विकल्पका रुपमा तराईका जिल्ला र पूर्वबाट काठमाण्डौं ओहोरदोहोर गर्ने सवारी साधन मकवानपुरको हेटौंडा हुँदै पालुङ मार्गबाट त्रिभुवन राजपथ प्रयोग गर्न थालेपछि यता सवारी चाप बढेको छ । पछिल्लो केही दिनयता नारायणगढ सडक खण्डमा दैनिकजसो सुख्खा पहिरो जाने, ढुङ्गा माटो खस्ने गर्दा जोखिम बढेको छ । पहिरोको कारण सडक बन्द हुने र यात्रुहरू अलपत्र पर्नुपर्ने अवस्था सिर्जना हुँदै आएकोले त्रिभुवनराजपथ भएर यात्रुबाहक बस र ट्रकहरू समेत यस सडकको प्रयोग गर्न थालेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक श्यामु अर्यालले बताए

मुग्लीन नारायणगढ सडकमा पहिरो पन्छ्याउँदै यातायात सञ्चालन गरिए पनि निरन्तर खस्ने ढुङ्गाका कारण नियमित आवागमनमा समस्या आइरहेको छ । विशेष गरी दसैँको समयमा यात्रुको चाप अत्यधिक हुने भएकाले सडक बन्द हुँदा सर्वसाधारण मारमा परेका छन् ।

अहिले हेटौंडा काठमाण्डौं ओहोर दोहोर गर्ने कुलेखानी फाखेल सडक, सिस्नेरी सडकमा पनि यात्रुबाहक साना सवारीका साधनहरूको निकै चाप बढेको छ । मुग्लिन नारायणगढ सडक अवरूद्ध भएपछि सवारी साधनहरु तनहुँको खैरेनीटार हुँदै डेढगाउँको मार्ग वा त्रिभुवन राजपथमार्ग प्रयोग गर्न थालेका हुन् । यस कारण त्रिभुवन राजपथमा अहिले सामान्यतया भन्दा धेरै गाडीको चाप बढेको देखिएको छ । यात्रुहरुले भने वैकल्पिक बाटो लामो र कठिन भए पनि बाध्यतावश प्रयोग गर्नुपर्ने अवस्था आएको गुनासो गरेका छन् । सम्बन्धित निकायले चाडपर्वको भीडलाई लक्षित गर्दै वैकल्पिक मार्गहरुमा सुरक्षा र यातायात व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने माग यात्रुहरुको छ ।



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना




वडा दशैको अवसरमा हाम्रा विज्ञापन दाताहरू, आमपठक वर्गहरू, स्तम्भकारहरू, कानून सल्लाहकारहरूलगायत समस्त नेपालीहरूमा शक्तिस्वरुपा देवी दुर्गा माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

सहीखबर साप्ताहिक परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

माया तामाङ प्रमुख एवम्

माइती नेपाल मकवानपुर

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

मितव्ययिता अपनाऔं

नेपाली समाजमा चाडपर्व केवल आनन्द उत्सवको अवसर मात्र होइन, सामाजिक एकता, सांस्कृतिक निरन्तरता र भावनात्मक सन्देश बोकेको छ, तर पछिल्ला वर्षहरुमा चाडपर्वको खर्च रौनक देखाउन होड नै चल्ने गरेको पाइन्छ । अनावश्यक खर्च तडकभडक, तथा विलासीपनले पर्वको मौलिकतामा ओझेल पारिरहेको छ। दशैं, तिहार, छठ जस्ता चाडपर्वमा उपभोग बढ्नुको खपत बढी हुने गरेको छ। कपडा, मीठाइका परिकार, घरको सफा सजावटसँगै परिवारक भेटघाट पनि यसै अवसरमा बढ्छन् । यस्ता कारण बढ्ने धेरैजसो खर्चहरू अनावश्यक हुने गर्दछन् ।

आर्थिक स्रोत हुनेहरूलाई यि सवाल सामान्य लागे पनि सीमित आम्दानी भएका परिवारमा ऋण उठाएर, ब्याज तिरेर वा आवश्यक खर्च कटौती गरेर देखावटी पर्व मनाउनु दीर्घकालीन दृष्टिले हानिकारक हुन्छ। चाडपर्वको नाममा गरिएको अत्यधिक खर्चले परिवारको बजेट असन्तुलित बनाउने मात्र होइन,भविष्यका प्राथमिक आवश्यकतामा समेत प्रतिकूल असर पार्छ। महँगी बढ्दो परिस्थितिमा आर्थिक मितव्ययिता अहिलेको अपरिहार्य बनेको छ। बजारमा चाडपर्व लक्षित कृत्रिम मूल्यवृद्धि हुँदा उपभोक्ताले योजनाबद्ध रुपमा खर्च गर्न, प्राथमिकता छुट्याउन र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न सके भने त्यो सामाजिक रुपमा पनि उपयोगी हुन्छ। पर्वको वास्तविक सार आपसी मेलमिलाप, पारिवारिक आत्मीयता र साझा खुसीमा निहित छ ।

त्यसैले चाडपर्वलाई भड्किलो प्रदर्शन होइन, सादगीपूर्ण उत्सवको रुपमा मनाउन आवश्यक छ। खर्चभन्दा संस्कृतिमा जोड, विलासिताभन्दा आत्मीयतामा जोड, ऋणभन्दा परिश्रम र बचतमा जोड दिन सके मात्र पर्वको वास्तविक उद्देश्य सार्थक हुन्छ। आर्थिक मितव्ययिता केवल पैसाको बचत होइन यो विवेकपूर्ण जीवनशैली, भविष्यप्रति जिम्मेवार दृष्टि र सन्तुलित समाज निर्माणको आधार हो।

जेनजी आन्दोलनप्रति एक जेनजीको बागी वक्तव्य

कञ्चन बस्नेत

जेनजी आन्दोलनले हाम्रो देशमा व्याप्त कुरुप र बीभत्स राजनीति हटाएर निर्माण गरेको एउटा अवस्थामा उसले आगामी भविष्य सकारात्मक दिशामा लैजाला या लैजान नसक्ला भन्ने विषय अत्यन्त चर्चामा रहेको छ। मेयर बालेन्द्र, जेनजी, हामी नेपाल, पुराना दल, रास्वपा जस्ता राजनीति विषयवस्तु समाचारलाई तताउने विषय बनेका छन्। तर यस्ता राजनीति परिवर्तनले खासै आश्चर्य प्रदान नगर्ने र सदैव राजनीतिप्रतिको सन्देहमा निर्विवाद विश्वास गर्ने पङ्क्तिकारलाई भने यी यावत् विषयहरुको गन्थन मन्थन जरामा पुग्न नसकी हाँगापात छिमल्ने छलकर्म मात्र भइरहेको लाग्छ।

हुनत पङ्क्तिकारको यस विषयमा कुनै पक्षधरता नभएको होइन र आफ्नो पक्षलाई पुष्टि गर्ने तर्कको अभाव पनि भएको होइन। हरेक सङ्कटको बखतमा पनि निष्पक्ष बस्नु पापकर्म नै हो। तर एउटै वृत्तमा सदैव घुमिरहने र उही विन्दुहरुमा समय समयमा अड्किरहनुपर्ने विवशताले अत्यन्त कालो निराशा प्रदान गर्ने रहेछ।

क्षण क्षणमा सेलाउने र क्षण क्षणमा उम्लिरहनुको आततायी श्रृखलाले हामीलाई राजनीतिको आत्यन्तिक दोष बुझ्न अझै पनि सिकाएन। धर्मराज युधिष्ठिरलाई यक्षले अन्तिम प्रश्नको रुपमा संसारको सर्वोपरि आश्चर्यको बारेमा सोधेका थिए। संसारमा जन्म र मृत्युको श्रृखला आफ्नै अगाडि मञ्चित भइरहँदा पनि मृत्युलाई आफ्नो स्थितिबाट अत्यन्त ढाढा देखिरहने मनुष्यको साझा प्रवृत्ति नै सर्वोपरि आश्चर्यको विषय हो भनेर युधिष्ठिरले उत्तर दिएका थिए। युधिष्ठिरले उत्तरमा बताएका मनुष्यहरु राजनीतिमा अत्यधिक विश्वास गर्ने हामी नै पनि हुन सक्छौं। राजनीतिका यावत् छल र षड्यन्त्र अवलोकन गर्नुका बाबजुद पनि हामी पुनः सोही छल र षड्यन्त्रमा हाम्रो समस्याका समाधान खोजिरहेका हुन्छौं यो पनि कम आश्चर्यको कुरा होइन। हाम्रो दरिद्रता, अभाव, सङ्कट र अक्षमतामा कुनै न कुनै राजनीतिले सदैव आफू माथि चढ्ने सिढी बनाएको छ र आशा र नैराश्यको सीमारेखामा लामो समय अलमल्याइराखेको छ, मानिस जातिलाई शत्रु र मित्रमा विभक्त बनाउँदै आफ्नो साधन बनाएको छ। यसका बाबजुद पनि हामी राजनीतिमाथि आफ्नो विश्वास देखाउन छाड्दैनौं या विश्वास गर्न अभिशप्त छौं।

पत्रपत्रिका र श्रव्यदृश्य मिडियामा खासै चर्चामा नआउने बुद्धिजीवीवर्ग राजनीतिक सङ्कटको समयमा भने अत्यन्त चर्चामा हुन्छन्। भुमरीमा रनभुल्ल परेको अवस्थामा अन्तिम आशाको किरणको रुपमा बौद्धिक वर्गतिर आँखा डुलाउनु हाम्रो पुरानै अभ्यास हो। यिनै बुद्धिजीवीका लेख, रट्टाटस र अन्तर्वार्ता छयाप्छयापती प्राप्त हुन थालेपछि छद्म बौद्धिक र ठेदना बुद्धिजीवीहरु हाडवर नेसनबाटै तङ्ग्रिन थालेका छन्। विद्यमान समस्याको जरा पल्टाउने उत्तरदायित्वबाट पन्छिदै बहुप्रिय व्यक्तित्व बनेर वाहवाही लुट्ने आन्तरिक लोभ संवरण गर्न नसक्ने यस्ता बुद्धिजीवीहरु अन्य कुनै लेखहरुमा व्यङ्ग्य या ठोल गरिन योग्य पात्रता बोकेका छन्।

एक वाक्यमा भन्नु पर्दा राजनीतिप्रतिको परनिर्भरता नै संस्कृतिको क्षय हुँदै गरेको समाजको चारित्रिक विशेषता हो।

नेपालको सन्दर्भमा अहिलेको समयमा पङ्क्तिकारले लोकतन्त्रको विकल्प नदेखेर मात्र लोकतन्त्रको पक्षमा उभिन बाध्य छ र उसको जोड आजसम्म संयन्त्र बनेर रहेका संस्थाहरुलाई परिवर्तन गर्न स्पष्ट विचारधारा सहितको राजनीतिक दल हुनुपर्छ भन्ने छ। तर यसलाई म अन्तिम समाधानको रुपमा मान्न कुनै पनि हालतमा तयार छैन। राजनीतिको अभ्यास, अनुभव वा अध्ययन नभएका नागरिकहरु अहिलेको समयमा त कमै होलान्। सही र गलतलाई प्राथमिकतामा नराखी वाक्पटुतालाई नै नेतृत्वको लक्षणको रुपमा लिने आम जनविश्वासलाई हेर्दा हाम्रो राजनीतिक सुझबुझलाई प्रश्न गर्न सकिने ठाउँहरु पनि प्रशस्त छन्।

यस्तै प्रकारका गलत आधारयुक्त विश्वासले गर्दा हामीले राजनीतिबाट पटक पटक धोका पनि खाएका छौं। अनुभव मात्रले ज्ञान दिन सक्दैन, अनुभव निचोरेर ज्ञान प्राप्त गर्ने क्षमता अझै पनि हामीले सिक्न सकेका छैनौं। त्यसकारण राजनीतिबाट भएको विश्वासघातलाई विस्मरणको अँध्यारो कुनामा घोप्ट्याएर राजनीतिकै शरणमा जाने बुद्धिजीवीहरु असंख्य छन्। हुन पनि आफ्नो बुद्धि बेचेर नै जीविकोपार्जन गर्ने भएकाले बुद्धिजीवीहरुको कुरा अक्षरशः पत्याउनु एक हिसाबले खतरा मोल्नु पनि हो। त्यसमाथि शास्त्रीयताबाट अद्यापि मुक्त हुन नसकेका, वास्तविक धरातलबाट असम्पृक्त बुद्धिजीवीहरु माथि त झन् सन्देह गर्नुपर्ने आवश्यकता आइपरेको छ।

हिन्दी साहित्यका विश्लेषक एवम् प्रोफेसर रामेश्वर रायले एउटा मञ्चमा गान्धी विषयक मन्तव्य दिने क्रममा एउटा गम्भीर विषय उठाएका थिए। नागरिकहरु आफ्नो कर्तव्य र नैतिकताबाट विस्तारै च्यूत हुँदै जाने क्रममा आत्मालोचनाको सट्टा राजनीति आलोचना गर्ने सहज मार्ग चयन गर्ने गर्छन्। जुन समाज आफ्नो दृढ मूल्य, मान्यता र नीतिबाट खस्कँदै जान्छ, त्यति नै राजनीतिप्रति आक्रोश पोख्दै जान्छ। एक वाक्यमा भन्नु पर्दा राजनीतिप्रतिको परनिर्भरता नै संस्कृतिको क्षय हुँदै गरेको समाजको चारित्रिक विशेषता हो। जब लोकतन्त्रको नाममा बहुतन्त्रको अभ्यास तीव्र हुन थाल्छ नागरिकहरुले राजनीति भन्दा अन्यत्र शक्तिको स्रोत देख्नै छाड्छन्। यस्तो समाजमा एउटा वयमा खुट्टा टेकिसकेपछि नेता बन्नु भनेको सर्वशक्तिशाली बन्नु हो भन्ने मानसिकता निर्माण हुनु स्वाभाविक मानिन्छ। त्यसपश्चात् हाम्रो विज्ञान, कला, साहित्य, सृजना, शिक्षा, पत्रकारिता जस्ता क्षेत्रहरु उपेक्षित बन्न जान्छन्। जबसम्म यी उपेक्षित क्षेत्रहरुमा कतिसम्म शक्ति सङ्गहित र प्रवाहित हुन सक्छन् भन्ने सम्भावनामा विश्वास हुँदैन तबसम्म राजनीति प्रदूषित नै रहन्छ यो सदा सत्य वचन हो। आफ्नो परिश्रम र प्रतिभाबाट यी उपेक्षित क्षेत्रलाई समृद्ध बनाउँदा ठूलो शक्ति आ नो हातमा आउन जान्छ भन्ने कुरा लगभग सबैले नै बिर्सिए।

सुन्दा सामान्य प्रतीत भएतापनि यो विषय सबै किसिमको बौद्धिक वृत्तबाट सधैं छुद्दै आएको छ। हामीले सधैं विरक्त भावमा भन्ने गरेका छौं नेताहरु नेता जस्तै भएनन्। आफ्नो अधिकार र स्वतन्त्रताको विषय उठनासाथ जुर्मुराउने तर कर्तव्य निभाउन पछि हेरिरहने व्यक्तिहरुको चिन्तन मित्र म जनता हुन जाने कि नजाने भनेर प्रश्न गर्ने साहस कहिल्यै पनि पलाएन।

पङ्क्तिकार यो कुरामा असाध्य जोड दिएर भन्छ कि हामी राज्यको लागि जनता होइनौं केवल सेवाग्राही हौं र राजनीतिक दलले हामीलाई सेवा दिएबापत हामीबाट मत लैजान्छ। सेवाग्राहीको मनोवृत्ति समाजका समस्यामा भन्दा पनि आफूले पाउने सेवा 'सुविधामा केन्द्रित हुन्छ, व्यक्तिवादी प्रवृत्ति हावी हुन्छ। व्यक्तिवादी प्रवृत्ति हावी भएको राजनीतिले कुनै व्यक्ति वा समूहको समस्यालाई राष्ट्रिय समस्याको रुपमा हेर्न सक्दैन। यस्तो सङ्कटको बखतमा इतिहासमा यस्तो भएको थियो, विश्वराजनीतिमा यस्ता यस्ता घटनाहरु घटेका थिए, नेपालमा जेनजी आन्दोलनको उद्गम र परिणाम जस्ता विषय व्यापारिक मूल्य बोकेका विषय हुन्। तर इतिहासको त्रासदी कोट्याइरहने तर त्यसबाट कुनै सिकाइ ग्रहण नगर्ने पाखण्डी प्रवृत्ति हाम्रो साझा रोग हो। राजनीतिको बदला राजनीतिको ह्याङओभरबाट शायद हामी कहिल्यै पनि मुक्त हुनेछैनौं। हामी थकित र अक्षम व्यक्तिहरु हौं, हामी आत्मालोचनाबाट परपर भाग्ने मानिस हौं त्यसकारण हाम्रो हल पनि छैन, दल मात्र छ। जेनजी आन्दोलनले निम्त्याएका परिणामबाट सकारात्मक प्रभावको अपेक्षा गर्न सकिएला, नसकिएला यस्ता विषयहरु उठान हुन्छन् र भइरहनेछन्। यस्ता विचार र विश्लेषणबाट समय समयमा अलग्गै बसेर स्वतन्त्र तवरले आत्मालोचनाको सुरूवात गर्नुपर्ने हुन्छ। लोकतन्त्र भनेको जनताको शासन हो र उत्तरदायित्वको बोध विना शासनशक्तिको परिकल्पनासम्म गर्न पनि सकिँदैन।

हामीले आफूले आफैंलाई फर्किएर हेरौं जनताको शासन प्रणाली भएको देशमा हामी हरेक कोणबाट निष्क्रिय भएर हामीले राजनीतिबाट अनावश्यक अपेक्षा त गरेनौं ? राजनीति पनि त मानवीय सोचको उपज हो, त्यसकारण राजनीति आफैंमा मानवनिरपेक्ष सर्वोन्नत शक्ति त होइन। त्यसकारण हामीले हाम्रो नैतिकता, स्वाभिमान, मूल्य र मान्यताहरुद्वारा हाम्रो समाजलाई पोषित गरेर राजनीतिमा सुधार ल्याउन सक्छौं। अन्तिममा, यस्तो राजनीतिक परनिर्भरताको विकल्प के त ? एउटा यस्तो प्रवृत्तिको विकास जसले जीवनका अन्य विविध पक्षमा शक्तिको खोज गर्छ। विज्ञान, कला, दर्शन, शिक्षण जस्ता आयाममा शक्ति देख्दछ। एउटा यस्तो दृष्टिकोण जसले चैतन्य मिश्र, अमि सुवेदी, सीके लाल, खगेन्द्र संग्रौला, उदयराज खनाल, लक्ष्मीप्रसाद देवकोटा, लैनसिं बाङ्देल, नारायणगोपाल जस्ता व्यक्तित्वहरुलाई आफ्नो आदर्श मान्छ र राजनीति भन्दा ठूलो शक्तिको स्रोतको रुपमा देख्छ। *अनलाइन खबरबाट*

६५ वर्षमा नेपाली पत्रकारिताले भोगेको संकट

‘सत्ता, विद्रोही र प्रदर्शनकारीको सधैं निशानामा’

○विमल गौतम/ ईश्वर अर्याल

राजनीतिक परिवर्तनका लागि भएका आन्दोलन हुन् या गैरराजनीतिक तहका विरोध प्रदर्शन र हिंसात्मक गतिविधि । सबैभन्दा पहिला निशानामा पर्ने पेशा हो- पत्रकारिता । नेपालमा मात्र होइन, विश्व इतिहासका विभिन्न कालखण्डमा पत्रकारिता र सञ्चारकर्मी राज्यसत्ता तथा विद्रोही दुवैबाट निशानामा परेका घटनाको लामो तथ्यांक छ ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सीपीजे)को पछिल्लो तथ्यांकअनुसार २०२३ को ७ अक्टोबर (२० असोज २०८०) यता कम्तीमा २३५ पत्रकार तथा सञ्चारकर्मसँग जोडिएका मानिस मारिएका छन् । यीमध्ये २३२ जना इजरायलद्वारा मारिएको उक्त प्रतिवेदनमा उल्लेख छ । यसरी मारिनेमध्ये १९३ जना गाजाका प्यालेस्टाइनी नागरिक हुन् ।

नेपाल पत्रकार महासंघका कोषाध्यक्ष रामकृष्ण अधिकारका अनुसार २०५२ सालयता ३० वर्षको अवधिमा राज्य, विद्रोही या आन्दोलनकारीको आक्रमणबाट नेपालमा ३९ जना पत्रकार मारिएका छन् र चारजना बेपत्ता पारिएका छन् ।

नेपालमा २०१७ सालदेखि २०८२ सालसम्म भएका सबै ठूला आन्दोलन, विरोध प्रदर्शनमा या हिंसामा पत्रकारमाथि सांघातिक आक्रमणका अलावा सञ्चार गृहमाथि आगजनी र तोडफोडका घटना समेत भएका छन् ।

भ्रष्टाचार र सामाजिक सञ्जाल नियमनको विरोधमा २०८२ साल भदौ २३ र २४ गते सडकमा उत्रेको जेनजी पुस्ता (१३ देखि २८ उमेर समूहका नेपाली युवा-युवती) को आन्दोलनमा पनि नेपाली पत्रकार र सञ्चार गृह निशानमा परे । नेपालको अग्रणी सञ्चार गृह कान्तिपुर मिडिया ग्रुपले यो आन्दोलनमा सबैभन्दा बढी क्षति बेहोऱ्यो । काठमाडौंको तीनकुनेमा रहेको कान्तिपुर टेलिभिजनको कार्यालय र थापाथलीमा रहेका कान्तिपुर दैनिक तथा दी काठमाडौं पोस्टको कार्यालयमा आगजनी, तोडफोड र लुटपाट भयो । दुवै स्थानमा रहेका कान्तिपुर सञ्चार गृहका कार्यालय पूर्णरूपमा ध्वस्त भए । अन्नपूर्ण पोस्टको कार्यालयमा तोडफोड भयो भने न्यूज २४ लगायत अन्य केही सञ्चार गृहका सवारीमाथि आक्रमण भए । हामी यो रिपोर्टमा २०१७ सालदेखि २०८२ साल भदौ २३ र २४ गतेसम्म नेपाली पत्रकार र सञ्चार गृहमाथि भएका आक्रमणको फेहरिस्त केलाउने प्रयास गर्दैछौं :

पञ्चायत काल: दमन र नियन्त्रणको अँध्यारो युग

२०१७ सालमा तत्कालीन राजा महेन्द्रले पञ्चायती व्यवस्था लागु गरेपछि नेपाली मिडियाले इतिहासकै सबैभन्दा अँध्यारो र दमनकारी युग सामना गऱ्यो ।

पञ्चायती सत्ताले प्रेस स्वतन्त्रतालाई पूर्णरूपमा कुण्ठित गर्दै सरकारी सञ्चारमाध्यमलाई आफ्नो प्रचार को हतियार बनायो । रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजन (पछि स्थापना भएको) लाई पञ्चायतको भजन गाउन बाध्य पारियो भने स्वतन्त्ररूपमा निस्कने पत्रिकाहरूमाथि कडा सेन्सर शिप लागु गरियो ।

उपलब्ध दस्तावेजहरू केलाउने हो भने त्यतिबेला अधिकांश पत्रकारहरूलाई सरकार र स्थानीय प्रशासनले आफ्नो गुप्तचर बनाएको तथ्य पाइन्छ । सरकार र पञ्चायतको समर्थन नगर्ने पत्रकारहरूले विभिन्न बहानामा पीडा, प्रताडना र प्रतिबन्धहरूको सामना गर्नुपर्थ्यो । पत्रिका र छापाखाना जफत हुन्थे । दर्ता खारेज गरिन्थ्यो । पत्रकारले यातनापूर्ण जेलजीवन व्यहोर्नुपर्थ्यो । कानून नै त्यस्तो बनाइएको थियो ।

प्रेस काउन्सिल नेपालले प्रकाशित गर्ने संहिता नामक त्रैमासिक पत्रिकाको २०७९ साल असोज अंकमा प्रेस काउन्सिल नेपालकै पूर्व कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले २०३३ सालसम्म विभिन्न ६५ वटा नेपाली पत्रपत्रिकाको दर्ता खारेज गरिएको तथ्य उल्लेख गर्दै आलेख लेखेका छन् । उनका अनुसार, नेपालबाट प्रकाशित हुने अथवा प्रकाशनका लागि स्वीकृति पाएका तर, प्रशासनको डरले या जेल जानबाट जोगिन प्रकाशन नगरिएका पत्रपत्रिकामध्ये १० दैनिक पत्रिका, ३२ साप्ताहिक, ४ पाक्षिक, ११ मासिक, ५ द्वैमासिक र ३ त्रैमासिक पत्रिकाको दर्ता खारेज गरिएको थियो ।

२०१७ देखि २०४६ सालको अवधिमा करिब ४० जना पत्रकारलाई छोटो या लामो अवधिका लागि जेल पठाइएको नेपाली पत्रकारिताको इतिहास बारेका पुस्तकहरूमा उल्लेख छ । उनीहरू विशुद्ध आलोचनात्मक समाचार, विचार या विश्लेषण गरेकै आधारमा तत्कालीन शासकको निशानामा परेका थिए ।

पञ्चायतले निमोठ्न खोजेको एउटा पत्रिका थियो ‘जनआकांक्षा’ । नितान्त प्रतिकूल परिस्थितिमा कांग्रेस नेता सरोज कोइरालाको संरक्षणमा माधव आचार्यले निर्वासनमा रहेर पनि जनआकांक्षा निकाल्ने गर्दथे । मासिक जनआकांक्षा २०२३ मा शुरू भएको थियो । केही अंक प्रकाशनपछि नै जनकपुरका तत्कालीन अञ्चलाधीश मनमोहन मिश्रले जनआकांक्षा बन्द गर्न उर्दी दिएका थिए ।

अञ्चलाधीशले जनतामाथि दमन गरेको बारे समाचार छापिएपछि २०२६ को चैतमा अञ्चल प्रशासक दामोदर शमशेर राणाले २०१९ को छापाखाना तथा प्रकाशन ऐनको धारा ३० प्रयोग गरी पत्रिकाको प्रकाशन बन्द गरेको इतिहास छ ।

जनआकांक्षाका सम्पादक माधव आचार्यलाई २०२७ सालमा तत्कालीन पञ्चायत सरकारले पक्राउ गरी सिन्धुली हुँदै काठमाडौंको जेलसम्म ल्याएर राख्यो । त्यसको एक वर्षपछि अदालतले उनलाई जेलबाट छुटाएको थियो ।

जनकपुरका क्रियाशील पत्रकार नित्यानन्द मण्डलले त्यसपछि पनि आचार्यलाई पञ्चायती सर कारले पटक-पटक दुख दिएको स्मरण गरे ।

संविधानमा पत्रकारिता या प्रेस स्वतन्त्रताको अवधारणा नै नभएको त्यो अवस्थामा पञ्चायतको विपक्षमा भूमिगत रहेका दलहरूले मिसनका रूपमा पत्रकारिता गर्ने गरेको पत्रकार जगत नेपाल बताउँछन् ।

रत्न राज्यलक्ष्मी क्याम्पस पत्रकारिता विभागका प्रमुख समेत रहेका उपप्राध्यापक नेपालले भने, ‘पञ्चायतकालमा पत्रकारिता एउटा मिसन जस्तै थियो । सत्ता नियन्त्रित सञ्चारमाध्यमहरूले पञ्चायतको पक्षमा गुणगान गाउँथे भने भूमिगत र हेका दलहरूले आफ्नो पक्षमा मिसनका रूपमा विभिन्न पत्रिकाहरू चलाउँथे, त्यसमा दमन हुन्थ्यो । खासमा नेपाली पत्रकारिताको उदय राजनीतिबाट नै भएको हो ।’

पञ्चायतकालमा पत्रकारमाथि गोली प्रहार गरिएको उदाहरण पनि छ । नेपाल प्रेसका सम्पादक मात्रिका पौडेलले पत्रकार पदम ठकुराठीमाथि गोली प्रहार हुनु पञ्चायतकालमा पत्रकारमाथि गरिएको अत्याचारको सबैभन्दा ठूलो उदाहरण भएको बताए ।

पौडेलले लोकान्तरसँग भने, ‘पदम ठकुराठीमाथि गोली प्रहार हुनु पञ्चायतले पत्रकारितामाथि गर्न खोजेको सबैभन्दा ठूलो अत्याचार थियो । त्यसबाहेक पत्रकारितालाई दमन गर्ने अन्य धेरै घटनाहरू छन् । राज्यले पत्रकारितालाई उठ्नै दिएन । ज-जसले जनताका पक्षमा लेख्न खोज्यो, उसको हत्या, जेलनेल, शारीरिक र मानसिक दमन गर्ने गरेको इतिहास हामीसँग छ ।’

केही पहिले एक सञ्चारमाध्ययमा आलेख लेख्दै नेकपा एमाले नेता सूर्य थापाले भनेका छन्, ‘२०४३ भदौ २० गते बिहान साढे ४ बजे सुपरिचित पत्रकार पदम ठकुराठीमाथि ओछ्यानमै गोली हानेर अपराधी भाग्यो । उज्यालो नहुँदै उहाँलाई वीर अस्पताल पुऱ्याइयो । गोलीले दायाँ आँखा बाहिर निस्किएको थियो । निधारको बायाँपट्टिबाट गोलीले निकालेका हड्डीका टुक्रा दिमाग (ब्रेन) सम्म पुग्यो । डा. दिनेशनाथ गंगोलले वीर अस्पतालमा ६ दिनसम्म उपचार गरे पनि बाहिर निस्केको आँखा सधैंका निम्ति गुम्यो ।’

उनले आफूसँगको कुराकानीमा ठकुराठीले बैंककमा करिब दुई महिना अस्पताल र एक महिना अपार्टमेन्टमा बाहिरै बसेर उपचार गरेपछि निको भएको बताएको लेखेका छन् । ‘प्लास्टिकको आँखा लगाएर यसरी बस्नु परे पनि पुनर्जन्म नै प्राप्त गरेको ठानिरहेको छु । र, यो ‘बोनस’ जिन्दगी बाँचिरहेको छु,’ ठकुराठीको भनाइ उद्धृत गर्दै थापाले लेखेका छन् ।

पञ्चायतको कालखण्डमा मिडियालाई राज्यको चौथो अंगका रूपमा नभई सत्ताको एक दासको रूपमा व्यवहार गरियो, जसले गर्दा जनता सूचनाको हकबाट पूर्ण वञ्चित भए । पञ्चायतकालमा मारिएका पत्रकार हरूको संख्या यकिन छैन । पिस्कर हत्याकाण्ड, टिम्बुरबोटे काण्ड, सुखानी हत्याकाण्डमार्फत तत्कालीन सरकारले हत्या गरेका कतिपय राजनीतिक बन्दीहरू पनि प्रत्यक्ष, अप्रत्यक्ष पत्रकारितामा संलग्न भएको इतिहास छ ।

२०४६ को जनआन्दोलन र त्यसपछिका घटनाक्रम

२०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्र पुन:स्थापना गरेपछि मिडियाले स्वतन्त्रतापूर्वक अभ्यास गर्ने अवसर पायो । नेपालको संविधान २०४७ ले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गऱ्यो, जसले गर्दा निजी क्षेत्रमा पत्रपत्रिका र पछि एफएम रेडियो खोल्ने लहर नै चल्यो । तर, यो स्वतन्त्रता पनि सत्ता र विद्रोही दुवै पक्षको निशानामा परि नै रह्यो ।

सरकारका गलत काम कारबाहीको आलोचना गर्ने मिडिया हाउस र पत्रकारहरूलाई सरकारी विज्ञापन रोक्का गर्ने, धम्क्याउने र विभिन्न बहानामा दु:ख दिने क्रम जारी रह्यो । प्रजातान्त्रिक भनिएका सरकारहरूले समेत मिडियालाई आफ्नो नियन्त्रणमा पञ्चायती धङधङी त्यागन नसकेको कतिपय अगुवा पत्रकारहरू बताउँछन् ।

‘२०४६ सालपछि नेपाली पत्रकारिताले बिस्तारै लय लिँदै गएको थियो,’ टक्सार म्यागेजिनका प्रधान सम्पादक गजेन्द्र बुढाथोकीले लोकान्तरसँग भने, ‘तर त्यतिबेला पनि वाचडग हुनुपर्ने पत्रकारिता ल्यापडग थियो । संविधानले नै प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको भएपनि राज्य र प्रतिपक्षले आफ्नो हिसाबले पत्रकारिता चलाउन खोजेको इतिहास छ ।’

वरिष्ठ पत्रकार कनकमणि दीक्षितले २०४६ सालदेखि नेपालमा वास्तविक पत्रकारिताको अभ्यास शुरू भएको उनले बताए । दीक्षितले लोकान्तरसँग भने, ‘२०४६ अघि वास्तविक पत्रकारिता थिएन नेपालमा । संविधानले नै प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेपछि बल्ल वास्तविक पत्रकारिता शुरू भयो । ३० वर्षे पञ्चायती शासनमा पत्रकारहरूले निडर भएर खुला समाजका लागि लडे । त्यसपछि हामीले प्रेस स्वतन्त्रताकै लागि भनेर लड्नुपरेन । तर, यो वा त्यो बहानामा प्रेस स्वतन्त्रता कुण्ठित गर्ने काम भने सत्ता र विपक्ष दुवैले गरिरहे ।’

२०४६ सालको आन्दोलनपछिको ६ वर्षमा पत्रकारहरूलाई विभिन्न तहमा मानसिक दबाब दिनेलगायतका छिटफुट घटना घटे पनि उक्त समय पत्रकारिता क्षेत्रका लागि उर्वर समय नै थियो । तर, २०५२ सालको फागुनदेखि शुरू भएको माओवादी सशस्त्र द्वन्द्वका कारण नेपालको इतिहासमै पत्रकारिता क्षेत्र सर्वाधिक आक्रमणमा पऱ्यो ।

द्वन्द्वकाल र उत्तरद्वन्द्वकालको अवस्था: करिब ३ दर्जन सञ्चारकर्मीको मृत्यु, भएन अनुसन्धान

२०५२ सालमा नेकपा (माओवादी) ले सशस्त्र ‘जनयुद्ध’ शुरू गरेपछि नेपाली पत्रकारिता इतिहासकै सबैभन्दा कठिन र खतरनाक मोडमा पुग्यो ।

पत्रकारहरू राज्य र विद्रोही माओवादीको दोहोरो चेपुवामा परे । राज्य पक्ष पत्रकारहरूलाई माओवादीको पक्षपोषण गरेको आरोप लगाउँथ्यो भने माओवादी ‘जनयुद्धको विपक्षमा लेखेको’ भन्दै जनकार बाहीको धम्की दिन्थ्यो । यही क्रममा राज्य र विद्रोही दुवै पक्षबाट तीन दर्जन बढी पत्रकारहरूको हत्या भयो ।

दैलेखमा कार्यरत रेडियो नेपालका पत्रकार डेकेन्द्र थापालाई २०६१ सालमा माओवादीले अपहरण गरी ४५ दिनपछि निर्ममतापूर्वक हत्या गरेको घटना द्वन्द्वकालमा पत्रकारमाथि भएको क्रूरताको एक प्रतिनिधि घटना मानिन्छ । त्यस्तै, राष्ट्रिय समाचार समिति (रासस)मा कार्यरत पत्रकार ज्ञानेन्द्र खड्काको पनि २०६० सालमा सिन्धुपाल्चोकमा माओवादी विद्रोही समूहले घाँटी रेटेर हत्या गरेको थियो ।

उता, २०५८ जेठ महिनामा तत्कालीन विद्रोही माओवादीनिकट मानिने जनादेश साप्ताहिकका सम्पादक कृष्णसेन इच्छुकलाई तत्कालीन शाही नेपाली सेनाले अपहरणपछि हत्या गरेको घटना बाहिर अएको थियो । फ्रीडम फोरमले माओवादी द्वन्द्वकालमा भएका हत्या र प्रतिहत्याका शृंखलाबारे *बाँकी पेज ४ मा*

६५ वर्षमा नेपाली पत्रकारिताले भोगेको ...

२०७३ सालमा एक प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनअनुसार २०५२ देखि २०७३ सालसम्म विभिन्न बहानामा मुलुकभर २३ जना सञ्चारकर्मीको हत्या र तीन जना बेपत्ता भएको उल्लेख गरेको छ । तर, सात जनाको मुद्दा मात्रै अदालत पुगेको र बाँकी १९ घटनाबारे अनुसन्धान नै भएको छैन ।

कतिपय पत्रकार हत्याका घटना राजनीतिक भन्दै अनुसन्धान हुँदाहुँदै सरकारले फिर्ता समेत लिएको उक्त प्रतिवेदनमा उल्लेख छ ।

मारिएका पत्रकार कृष्णसेन इच्छुक

प्रतिवेदनअनुसार, २०५२ देखि २०७३ सम्मको अवधिमा हत्याको सूचीमा समेटिएका २३ जना पत्रकार/सञ्चारकर्मीमध्ये डेकेन्द्र थापा, गोपाल गिरी, कृष्ण सेन इच्छुक, ईश्वर बुढाथोकी, कुमार घिमिरे, डी कौडिन्नय, राजकुमार केसी, कमल एसी, महेश्वर पहारी, खगेन्द्र श्रेष्ठ, अम्बिका तिम्सिना, नवराज शर्मा 'वसन्त', ज्ञानेन्द्र खड्का र धनबहादुर रोकाया गरी १४ जना २०६३ मंसिर ५ अर्थात विस्तृत शान्ति सम्झौता भन्दा पहिले मारिएका हुन् ।

यस्तै, उमा सिंह, वीरेन्द्र साह, जमिम शाह, अरूण सिंघानिया, जेपी जोशी, रोहन चौधरी, देवीप्रसाद धिताल र पुष्करबहादुर श्रेष्ठ गरी ९ जनाको हत्या शान्ति सम्झौतापछि भएको हो । नेपाल पत्रकार महासंघले पनि त्यतिबेला हत्या भएका ३६ जना र बेपत्ता पारिएका चारजना पत्रकार/सञ्चारकर्मीको नाम आएको अभिलेखमा रहेको जनाएको छ । उक्त अवधिमा हत्या/बेपत्ता पारिएका पत्रकारबारे राज्य पक्षबाट अनुसन्धान प्रक्रिया अघि नबढाइएपछि पत्रकार महासंघले आएको अभिलेखमा रहेको हत्या र बेपत्ता पारिएका सबै सञ्चारकर्मीसँग सम्बन्धित घटनाको छानबिनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग (दर्ता नं २६४४) र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (दर्ता नं १९१०, १९१२ र १९१३) मा सामूहिकरूपमा उजुरी दर्ता गरेको छ ।

कान्तिपुरका प्रधान सम्पादक उमेश चौहानले द्वन्द्वकालमा भएका घटनाबारे स्वतन्त्ररूपमा अनुसन्धान गर्ने निकाय रहे पनि पत्रकारितामा ठूलो क्षति भएको बताउँछन् ।

सञ्चारमाध्यममा भएका त्यतिबेला र अहिलेको आक्रमण तुलना गर्दै चौहानले भने, 'त्यतिबेला भएको क्षतिबारे अनुसन्धान र कारबाही गर्न अड्डा अदालत, मानवाधिकार आयोग र अन्य अन्तर्राष्ट्रिय एजेन्सीहरू पनि थिए । फेरि पनि पत्रकारितामा ठूलो क्षति पुग्यो । अहिले सञ्चार कर्मी र सञ्चारगृहहरूमाथि भएको आक्रमणको जिम्मा लिने कोही देखिएका छैनन् ।'

इराकमा १२ नेपालीको हत्यापछि सञ्चार माध्यममाथि सोझिएको भीड

२०६१ भदौ १६ गते इराकमा आतंककारी समूहद्वारा १२ जना नेपालीको हत्या भएपछि काठमाडौंमा भड्किएको हिंसात्मक प्रदर्शनले पहिलोपटक सञ्चारमाध्यममाथि भौतिक आक्रमणको भयावह तस्वीर देखायो ।

इराकमा भएको दर्दनाक हत्याकाण्डपछि स्वाभाविकरूपमा म्यानपावर र सरकारप्रति आक्रोश चुलिएको थियो । तर, उक्त आक्रोश एकाएक मिडिया हाउसतिर सोझियो । कान्तिपुर पब्लिकेसन्स, च्यानल नेपाल, स्पेस टाइम नेटवर्क लगायतका मिडिया हाउसमा तोडफोड र आगजनी गरियो । यो घटना नेपालमा भीडतन्त्र कति छिटो अराजक बन्न सक्छ र उद्देश्यविपरीत गएर मिडियामाथि कसरी आक्रमण गर्न सक्छ भन्ने उदाहरण बनेको छ । यस घटनालाई कतिपयले तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको महत्त्वाकांक्षासँग जोडेर पनि हेर्ने गरेका छन् । त्यसरी मिडियामाथि संगठित रूपमा आक्रमण हुँदा पनि सुरक्षा संयन्त्रलाई आश्चर्यजनक रूपमा निष्क्रिय बनाइएको थियो । त्यो भन्दा विध्वंशात्मक घटना यही भदौ २४ गते देशैभर देखियो । यसबारे हामी पछि चर्चा गर्नेछौं ।रु

तत्कालीन राजा ज्ञानेन्द्रले कू गरेपछि सञ्चार माध्यममाथि गरिएको बर्बर दमन

२०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आएको हातमा लिएपछि मिडियामाथि सरकार पक्षबाट ठूलो प्रहार भयो । टेलिफोन र इन्टरनेट लाइनहरू काटियो, एफएम रेडियोहरूबाट समाचार प्रसारणमा प्रतिबन्ध लगाइयो र पत्रपत्रिकाहरूमा सेनाको उपस्थितिमा कडा सेन्सरसिप लागू गरियो ।

राजाको कदमको आलोचना गर्ने पत्रकारहरूलाई गिरफ्तार गरियो र सञ्चार गृहहरूमा त्रासको वातावरण सिर्जना गरियो । यो कदमले मिडियालाई मात्र होइन, सम्पूर्ण नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई नै बन्धक बनायो । यद्यपि, यही दमनले तत्कालीन सात संसदवादी दल र विद्रोही माओवादीलाई एक ठाउँमा ल्यायो, जसको परिणाम २०६२/६३ को जनआन्दोलन थियो ।

त्यतिबेला कान्तिपुर पब्लिकेसन्स, नेपाल टेलिभिजन, रेडियो नेपाल लगायतका प्रमुख मिडिया हाउसहरूमा सशस्त्र सैनिकहरू पठाइएको थियो । उनीहरूले समाचार कक्षमा बसेर प्रकाशित र प्रसारित हुने हरेक सामग्रीको एक-एक शब्द सेन्सर गर्थे ।

देशैभरका ४० भन्दा बढी निजी एफएम रेडियोहरूलाई समाचार र समाचारमूलक कार्यक्रम प्रसारण गर्न पूर्ण प्रतिबन्ध लगाइयो । समाचारको सट्टा संगीत मात्र बजाउन बाध्य पारियो । यो कदमले ग्रामीण क्षेत्रमा सूचनाको मुख्य स्रोत नै बन्द भयो र करिब २ हजार रेडियो पत्रकार बेरोजगार हुने अवस्था आएको थियो ।

शाही कदमको विरोध गर्ने वा आलोचनात्मक लेख लेख्ने सयौं पत्रकारहरूलाई पक्राउ गरियो । राजाको प्रत्यक्ष शासनकालमा मात्रै कम्तीमा ४२५ पत्रकारलाई गिरफ्तार गर्ने, आक्रमण गर्ने वा धम्की दिने काम भएको इन्टरनेसनल फेडेरेसन अफ जर्नालिस्टको तथ्याङ्क छ ।

निरङ्कुश सरकार यतिमा मात्र सीमित रहेन, २०६२ को असोजमा सरकारले एउटा कठोर मिडिया अध्यादेश जारी गऱ्यो । उक्त अध्यादेशमार्फत राजाको कदमको आलोचना गर्ने वा 'आतंकवादलाई समर्थन गर्ने' कुनै पनि सामग्री प्रकाशनमा प्रतिबन्ध लागेको थियो । सरकारी दमन र धम्कीका कारण धेरै सञ्चारमाध्यमहरू सेल्फ-सेन्सर सिप अपनाउन बाध्य भए । सरकार र माओवादी दुवै पक्षको तारो बन्ने डरले पत्रकारहरूले संवेदनशील विषयमा कलम चलाउन छाडे । माओवादी सशस्त्र द्वन्द्व हुँदै ज्ञानेन्द्रको प्रत्यक्ष शासनसम्म पत्रकारिता पूर्ण रूपमा रक्षात्मक बनेको थियो ।

मधेश आन्दोलन र त्यसपछिका घटनाक्रम

२०६३/६४ को मधेश आन्दोलनका क्रममा पनि नेपाली पत्रकारि तामाथि ठूलो आक्रमण भएको थियो । आन्दोलनकारीहरूले मूलधारका (विशेष गरी काठमाडौंकेन्द्रित) मिडियाले आएना मुद्दाहरूलाई उचित स्थान नदिएको र आन्दोलनलाई गलत रूपमा चित्रण गरेको आरोप लगाए ।

यसैको परिणामस्वरूप पत्रकारहरूमाथि भौतिक आक्रमण, कुटपिट र धम्कीका घटनाहरू बढे । कतिपय मिडिया हाउसहरूले मधेशका विषयमा समाचार लेख्दा वा बोल्दा 'सन्तुलन'को नाममा मूल मुद्दालाई नै ओझेलमा पारेको आरोप पनि लाग्यो ।

त्यही समयमा तत्कालीन माओवादीको युवा संगठन योङ कम्युनिस्ट लिग (वाईसीएल) ले पनि पत्रकारहरूलाई धम्क्याउने र आक्रमण गर्ने शृंखला चलायो, जसले गर्दा पत्रकारहरू झनै असुरक्षित बने ।

वरिष्ठ पत्रकार ववि‍ता बस्नेत जनताको एटेन्सन आफूतिर खिच्न र ध्यान भङ्काउन मधेश आन्दोलनका क्रममा मिडियामाथि आक्रमण भएको स्मरण गर्छिन् । उनले लोकान्तरसँग भनिन्, 'मधेश आन्दोलनका क्रममा मिडियाहरूले आएनो मुद्दा बोकिदिएनन् भन्ने ठूलो गुनासो थियो । त्यसैले आन्दोलनकारीहरूले एफएम स्टेसन लगायत अन्य सञ्चार गृहमा आक्रमण गर्न थाले ।' त्यसो गरेपछि पत्रकार महासंघले विज्ञप्ति निकाल्ने र जनताको ध्यान आफूतिर आउने आन्दोलनकारीको उद्देश्य रहेको बस्नेतको भनाइ छ । त्यस्तै, आन्दोलनका क्रममा भएका कतिपय घटनाहरूबारे जनता सुसूचित हुन नपाऊन् भन्ने उद्देश्यले पनि मिडियामाथि आक्रमण गरिएको उनको भनाइ छ । 'मधेश आन्दोलनका क्रममा प्रत्यक्ष रिपोर्टिङ गरेको भएकाले त्यहाँ मिडियामाथि कसरी आक्रमण भयो भन्ने विषयमा मलाई धेरथोर जानकारी छ, बस्नेतले भनिन्, 'सत्तापक्षले पनि सञ्चारमाध्यमलाई नै प्रयोग गरेर आएनो पक्षमा न्यारेटिभ सेट गर्न खोजेको थियो ।'

मधेश आन्दोलनका क्रममा पत्रकारहरूमाथि भौतिक आक्रमण पनि भएको थियो । यसका साथै सवारीसाधनमा आगजनी गर्ने, क्यामेरा फुटाइदिने र कुटपिट गर्ने घटनाहरू पनि भए ।

२०६५ मा पत्रकार उमा सिंहको हत्यालाई मधेश आन्दोलनकै पृष्ठभूमिसँग जोडेर हेरिन्छ । यद्यपि, उनको हत्या पारिवारिक र व्यक्तिगत कारणले भएको भनिए पनि त्यसले मधेशमा पत्रकारिताको जोखिमपूर्ण अवस्थालाई उजागर गरेको थियो । त्यस्तै, आन्दोलनकै क्रममा २०६४ को असोज १८ गते बाराका पत्रकार वीरेन्द्र साहको हत्या भयो । उनी नेपाल एफएम, दृष्टि साप्ताहिक र एभिन्यूज टीभीका बारा संवाददाता थिए । उनको हत्यामा नेकपा (माओवादी)का कार्यकर्ताहरू संलग्न भएको आरोप लाग्ने गरेको छ । मधेश आन्दोलनको समयमा माओवादी र मधेशी शक्तिहरूबीच तनाव चलिरहेका बेला उनको हत्याले पत्रकारिता जगतलाई स्तब्ध बनाएको थियो । यस घटनामा संलग्न दुई जनालाई अदालतले जन्म कैदको सजाय सुनाए पनि मुख्य योजनाकार भनिएकाहरू अझै फरार छन् ।

यसबाहेक आन्दोलनकारीहरूले आफ्ना समाचारलाई प्राथमिकता दिन र आफ्नो पक्षमा लेख्न मिडिया हाउसहरूलाई दबाब दिने गर्थे । कतिपय अवस्थामा पत्रिका जलाउने र वितरणमा रोक लगाउने जस्ता कार्यहरू पनि भए । नेपाल पत्रकार महासंघको प्रतिवेदनअनुसार तराई-मधेशमा भएको आन्दोलनका क्रममा मात्रै १०० भन्दा बढी पत्रकारहरू प्रभावित भएका थिए, जसमा आक्रमण, धम्की र दुर्व्यवहारका घटनाहरू समावेश थिए ।

त्यस्तै, संविधान जारी हुनुअघि २०७२ भदौमा कैलालीको टीकापुर मा भएको हिंसात्मक घटनापछि मिडिया फेरि एकपटक तारो बन्यो । उक्त घटनाको रिपोर्टिङ गर्ने क्रममा पत्रकारहरूमाथि आक्रमण भयो । सामाजिक सञ्जाल र केही पक्षले मिडियालाई समाज विभाजन गर्न खोजेको र घटनालाई अतिरञ्जित गरेको आरोप लगाए ।

पत्रकार महासंघको वार्षिक प्रतिवेदनमा २०७२ मा संविधान जारी हुनुभन्दा अगाडि र पछाडि भएका प्रेस स्वतन्त्रता हननका घटनाहरूको तथ्याङ्क सार्वजनिक गरिएको थियो । उक्त प्रतिवेदनअनुसार उक्त एक वर्षको अवधिमा देशभर पत्रकारमाथि २० वटा आक्रमण र चोटपटकका घटना तथा १२ वटा हत्या प्रयास भएका थिए । त्यसअवधिमा ४ जना पत्रकारको हत्या भएको र १२ जनाको हत्या प्रयास भएको महासंघको प्रतिवेदनमा उल्लेख छ । यी घटनाहरूमध्ये केही टिकापुर र त्यससँग सम्बन्धित मधेश-थरुहट आन्दोलनको रिपोर्टिङका क्रममा भएका थिए ।

सहकारी ठगीका आरोपी रवि लामिछाने गृहमन्त्री हुँदा निर्माण गरेको '१२ भाइ' को भाष्य

नेपालको पत्रकारिता डिजिटल दिशामा फड्को मार्दै गरेको अवस्थामा तत्कालीन गृहमन्त्री र अहिले सहकारी ठगी प्रकरणमा जेलमा रहेका र वि लामिछानेले मिडियाप्रति नयाँ पुस्ता नै असन्तुष्ट हुने गरी नयाँ भाष्य सिर्जना गरे ।

उनले आफूमाथि लागेको दोहोरो नागरिकता र सहकारी ठगीसम्बन्धी आरोपबारे समाचार लेखिरहेका ठूलादेखि साना सञ्चार माध्यमका सम्पादकहरूलाई '१२ भाइ'को संज्ञा दिँदै उनीहरूले 'सिन्डिकेट' चलाएको आरोप लगाए । तमाम कष्टहरू बेहोरेर अघि बढ्न खोजेको पत्रकारि तालाई उनको यो भाष्यले थप धराशायी बनायो । पछिल्ला आन्दोलनहरूमा सञ्चारमाध्यममाथि टार्गेट गरिन थालेको त्यो 'विवादित' पत्रकार सम्मेलनका क्रममा उनले बोलेका शब्दहरूले हो । २०७९ को माघमा सर्वोच्च अदालतले उनको नागरिकतामाथि प्रश्न उठाउँदै सांसद र मन्त्री पदबाट बर्खास्त गरिदिएपछि उनले आक्रोशपूर्ण भाषण गरेका थिए । डेढ घन्टा लामो पत्रकार सम्मेलनमा रविको आक्रोशमा नेपालका मूलधारका सञ्चार माध्यमहरू परेका थिए ।

'नेपाली मिडियाको स्वार्थको द्वन्द्वको व्याख्या गर्ने हिम्मत कसैको छैन । किनभने कान्तिपुरलाई चलायो भने त मार्छ, सिध्याइदिन्छ भन्ने छ । अमित ढकालले त यत्रो आर्टिकल लेखेर बर्बाद पारिदिन्छ भन्ने छ । ढकालले यसलाई यसरी बुझ्नुस् भन्छन्, हामीलाई आफ्नो ढंगले बुझ्न दिँदैनन् । त्यही चिज हेरेर विद्वान साथीहरूले ट्विटरमा टिप्पणी गर्नुहुन्छ- यी हेर पदलोलुप । माननीय सांसदहरू त्यही हेरेर संसदमा भाषण गर्नुहुन्छ । तर, के ती मिडियामा आएको सत्य हुन्छ ? त्यो समाचार कुन इन्ट्रेस्टमा लेखिएको हुन्छ, उहाँहरूलाई थाहै हुँदैन' लामिछानेको भनाइ थियो । १२ भाइ भनेर पत्रकारिताको बदनाम गरेका रवि लामिछाने उनले नामै तोकेर आक्रोश व्यक्त गरेका मिडियाहरूमा त्यसपछि आक्रमणका घटनाहरू घटेका उदाहरण छन् । 'के नेपालको मिडियालाई रिझाएर मात्रै पावर गेन गर्ने ? नेपालको मिडियाले चाहेअनुसार देश चलाउने ? सम्पादकज्यूहरू, यदि देश चलाउने हो भने तपाईंहरू चुनाव लड्न आउनुस् । चितवनमा उपनिर्वाचन हुँदैछ । कैलाश सिरोहिया आउने हो कि, अमित ढकाल आउने हो कि, रामेश्वर थापा आउने हो ? तर, तपाईंहरूले देश चलाउने होइन । इथिक्स तपाईंहरूलाई पनि लाग्छ । अदालतलाई प्रभाव पार्न एउटै कुरा ४-५ पटक निरन्तर तपाईंले लेख्नुभएको छ । कान्तिपुरमा जे लेख्यो, त्यसपछि अर्को भाइतिर सर्छ । त्यसपछि अर्का फाच्चफुच्चे भाइहरू पनि निस्केका छन्' उनले भनेका थिए । रविले पटक-पटक १२ भाइ सम्पादकले बेलुका-बेलुका 'जाँड खाएर' ठोक्ने रणनीति बनाउने गरेको भनेर संघीन आरोप लगाएका थिए । निम्नस्तरको भाषा प्रयोग गर्दै उनले भनेका थिए, '७-१२ पत्रकार जम्मा भयो, जाँड खायो, ल यसलाई ठोकौं भन्यो । मलाई चरित्रहीन देखाएर पनि हेडलाइन बनाएका छन् । उहाँहरूको चरित्रको बारेमा कसले बोल्ने ? कहिलेकाहीं सम्पादकनी भाउजुहरूले यसो फोन चेक गरे हुने नि 'फुर्सद भएमा मलाई भेट्न आउनुहोला, तपाईंका आदर्शवान सम्पादकहरूको मुखुण्डो म उघारिदिन्छु ।' *लोकखबरबाट*



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: बालकृष्ण अधिकारी एवम्
पत्रकार महासंघ मकवानपुर परिवार

जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।



शुभकामना



सहीखबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: सरिता दाहाल एवम्
प्रेस चौतारी मकवानपुर परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: निशा गुरुङ एवम्
सञ्चारिक समूह मकवानपुर परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर


समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: सुवास विडारी एवम्
प्रेस युनियन मकवानपुर परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: एम.पी शर्मा एवम्
प्रेस सेन्टर मकवानपुर परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: राजन घिमिरे एवम्
स्वतन्त्र पत्रकार संघ मकवानपुर परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

यस विद्यालयका अभिभाजक ज्यूहरू, वि.व्या.स, विद्यार्थीहरू, शिक्षककर्मचारी तथा शुभचिन्तहरूलगायत समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

प्र.अ प्रबोध बिडारी एवम्
निर्मल माध्यमिक विद्यालय परिवार, हेटौंडा १९



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।

शुभकामना



सहीखबर

यस विद्यालयका अभिभाजक ज्यूहरू, वि.व्या.स, विद्यार्थीहरू, शिक्षककर्मचारी तथा शुभचिन्तहरूलगायत समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

प्र.अ विनोद सुवेदी एवम्
बालजागृती इङ्लिस बोर्डिङ स्कुल हेटौंडा - २

नवरात्र अन्तरगत आज कुष्माण्डा देवीको पूजा हुँदै

मकवानपुर । आश्विन शुक्ल चतुर्थी अर्थात् नवरात्रको चौथो दिन बाज विहीबार दसैँघर वा पूजा कोठामा नौ दुर्गामध्येकी चौथो कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गरिँदै छ ।

प्रत्येक वर्ष आश्विन शुक्ल चतुर्थी अर्थात् दुर्गा पक्षको चौथो दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गर्ने शास्त्रीय विधि छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन तापलाई कुष्मा भनिन्छ । नवदुर्गामध्येकी चौथो देवी कुष्माण्डाले शरणमा आएका भक्तको तीनै ताप हरिदिने भएकैले यो नामाकरण भएको बताइन्छ । कुष्माण्डाले सुराले भरिएका घडा तथा रगतयुक्त पात्र धारण गर्ने विभिन्न पुराणमा उल्लेख गरिएको छ ।

श्री दुर्गा सप्तशती (चण्डी)को देवी कवचमा भनिएको छ, "कुत्सित: ऊष्मा कुष्मा-त्रिविधतापयुत: संसार:, स अण्डे मांसपेश्यामुदररुपायां यस्या: सा कूष्माण्डा, अर्थात् त्रिविध तापयुक्त संसार जसको पेटमा छ, त्यही भगवती कुष्माण्डाका रूपमा चिनिनुहुन्छ ।"

नवरात्रको पहिलो दिन असोज ६ गते सोमबार दसैँघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरियो ।

दोस्रो दिन मंगलबार पूजा स्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो । तेस्रो दिन बुधबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजाआराधना गरिएको थियो ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै विश्वासका साथ वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष पूजाआराधना गर्छन् । नौ दिनसम्म पूजाआराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैँ मनाउँछन् ।



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षिमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।



शुभकामना


सहीरवबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: हिरालाल श्रेष्ठ एवम्
पुरानो नारायणी यातायात व्यवसायि संघ



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षिमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।



शुभकामना

सहीरवबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष: गोकर्ण पराजुली एवम्
नारायणी यातायात व्यवसायि कम्पनी प्रा.लि परिवार



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षिमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।



शुभकामना

सहीरवबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष कमला सुवेदी एवम्,
मकवानपुर महिला उत्थान समाज



जयन्ती मङ्गलाकाली भद्राकाली कपालीनी:
दुर्गाक्षिमा शिवाधात्री स्वाहा सुधा नमस्तुते ।



शुभकामना

सहीरवबर

समस्त नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ तथा नेपाल सम्वत ११४६ को पावन अवसरमा शक्तिस्वरुपा देवी दुर्गा र ऐश्वर्येश्वरी लक्ष्मी माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

कुमारी वाइवा प्रमुख एवम्
हिमराइट्स मकवानपुर परिवार

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यावा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं, दुर्घटनाबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्व प्रति सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं, सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड